# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट
## चेला बनाओ!
### बाइबल शिक्षाक्रम

# पाठ ४
## नयाँ जीवनमा हामीले कसरी बढ्नुपर्छ?
## ख – नयाँ जीवन एउटा आत्मिक जन्म हो

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''यसैकारण सबै वैरभाव, सबै छल, कपट, डाहा र सबै प्रकारको निन्दा हटाओ; र नयाँ जन्मेका बालकहरूझैं वचनको विशुद्ध दूधको तिर्सना गर, कि यसद्वारा तिमीहरू बढ्दै जाओ।''**
**१ पत्रुस २:१-२**

पाठ ३मा हामीले के देख्यौं भने नयाँ जीवन एक आत्मिक बाटो हो, जसमा प्रभु येशूका सच्चा चेलाहरू सबै हिँड्नुपर्छ; किनभने यस बाटोले मात्र जीवनमा पुऱ्याउँछ। अब यस चौथो पाठमा नयाँ जीवन एउटा आत्मिक जन्मसित तुलना गरिन्छ। प्रभु येशूमाथि विश्वास गर्ने हरेकले अनन्त जीवन पाउँछ। यो अनन्त जीवन मरेपछि पाइने कुरा होइन, तर परमेश्वरले यो दान हामीलाई अहिले नै यस जीवनमा दिनुहुन्छ। उहाँ आफैले हामीभित्र एउटा नयाँ आत्मिक जीवन उत्पन्न गर्नुहुन्छ। पवित्र आत्माद्वारा परमेश्वरले प्रभु येशूमाथि विश्वास गर्नेहरूमा यो नयाँ जन्म पैदा गर्नुहुन्छ। नयाँ जन्म पाएको व्यक्ति मात्र आत्मिक जीवनमा बढ्न सक्छ; अरूले आत्मिक दृष्टिले अझ पाप र अधर्ममा मरेका हुन्छन् र आत्मिक कुराहरू बुझ्न सक्दैनन्। यसकारण यो नयाँ जन्म के हो र यो कसरी हुने हो, सो हामीले पहिले हेर्नुपर्छ, त्यसपछि हामी अघि बढ्नेछौं।

## अ – नयाँ जन्म – यो के हो?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो; पुराना कुराहरू बितिसके; हेर, सबै कुरा नयाँ भएका छन्।''** **२ कोरिन्थी ५:१७**

यो नयाँ जन्म परमेश्वरको आफ्नो काम हो। यो जन्म हामीले कुनै प्रकारले उत्पन्न गर्न सक्दैनौं। जब हामी परमेश्वरको वचनअनुसार प्रभु येशूमाथि विश्वास गर्छौं, तब परमेश्वरले हामीमा एउटा नयाँ सृष्टि उत्पन्न गर्नुहुन्छ। यो नयाँ सृष्टि हामीले ठीक किसिमले विश्वास गऱ्यौं भन्ने प्रमाण हुन्छ। यसकारण परमेश्वरको वचनले भन्दछ – कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो। के तपाईं ख्रीष्ट येशूमा एउटा नयाँ सृष्टि हुनुभयो? के तपाईं यस कुरामा निश्चित हुनुहुन्छ?

**''जतिले प्रभु येशूलाई ग्रहण गरे, उहाँले उनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् उनीहरूलाई जसले प्रभु येशूको नाममाथि विश्वास गर्छन्, जो न ता रगतबाट, न ता शरीरको इच्छाबाट, न ता मानिसको इच्छाबाट, तर परमेश्वरबाट जन्मेका हुन्। '' यूहन्ना १:१२-१३**

हामीले प्रभु येशूको नाममाथि विश्वास गरेर प्रभु येशूलाई ग्रहण गर्नुपर्छ। यो हाम्रो कर्तव्य हो। नयाँ जन्म दिने काम परमेश्वरको हो। कति मानिसहरूलाई यस सम्बन्धमा ज्ञान छैन र गल्ती प्रकारले विचार गर्छन्। यसैले हामी नयाँ जन्म कसरी पाउँदैनौं, सो पहिले हेर्छौं।

## १ - रगतबाट होइन

**''जो न ता रगतबाट, न ता शरीरको इच्छाबाट, न ता मानिसको इच्छाबाट, तर परमेश्वरबाट जन्मेका हुन्। '' यूहन्ना १:१३**

आफ्ना बुवाआमाले प्रभु येशूमाथि विश्वास गर्छन्। हामी उनीहरूका छोराछोरी भए ता पनि यो नयाँ आत्मिक जीवन पाएका हुँदैनौं। कसैले भन्छ - 'म जन्मदेखि नै ख्रीष्टियन हुँ।' यो गवाही सत्य हुन सक्दैन। किनभने प्रभु येशूले भन्नुभयो - रगतबाट अर्थात् प्राकृतिक नियमअनुसार जन्मेर हुने होइन। यदि तपाईंले प्रभु येशूमाथि व्यक्तिगत रूपले विश्वास गर्नुहुन्न भने तपाईंका बुवाआमाको विश्वासबाट तपाईंलाई केही लाभ हुँदैन। तपाईं आफैले प्रभु येशूलाई ग्रहण गर्नु खाँचो छ।

## २ - शरीरको इच्छाबाट होइन

यो नयाँ जन्म हामीले आफ्नो कोशिशले उत्पन्न गर्न सक्दैनौं। कुनै नानी आफ्नो इच्छा र कोशिशले जन्मिँदैन; त्यसरी नै आफ्नो इच्छाले कुनै मानिसको नयाँ जन्म भएको छैन, र हुनेछैन पनि। कतिले भन्छन् - 'जुनी फेर्दा फेर्दै एक दिन हामी भगवान हुन्छौं नि!' तर चौरासी लाखसम्म अवतार लिएर पनि पापी मानिस पापी नै रहन्छ। गँहु छरेर कटनी गर्नुहोस्; यो काम धेरै पल्ट गर्नुहोस्। अन्तमा तपाईंले के पाउनुहुन्छ? गँहु नै होइन र? मानिस पनि यस्तै छ। ऊभित्र ईश्वरीय स्वभाव होइन, तर पापी स्वभाव भएकोले त्यो पापको स्वभावै मात्र निस्कन सक्छ। त्यसभन्दा राम्रो कुरा मानिसबाट कहिल्यै पनि निस्कँदैन।

## ३ - मानिसको इच्छाबाट होइन

म तपाईंमा यो जन्म उत्पन्न गर्न सक्दिनँ। मैले जति इच्छा गरे पनि यो नयाँ जन्म कसैलाई दिन सक्दिनँ। कुनै चर्च वा कुनै पास्टरले तपाईंलाई यो दान दिन सक्दैनन्; न ता बप्तिस्माद्वारा, न ता हातराखाइद्वारा, न ता अरू कुनै धर्मविधिद्वारा नै यो जन्म तपाईंमा उत्पन्न हुन्छ। यो जन्म उत्पन्न गर्ने काम परमेश्वरले कसैलाई दिनुभएको छैन। उहाँ आफैले यो आत्मिक जन्म तपाईंभित्र पैदा गर्न चाहनुहुन्छ। अनन्त जीवन उहाँमा छ। उहाँ हाम्रा आत्मिक बुवा हुन चाहनुहुन्छ। यसकारण तपाईंले एउटा धर्म मात्र पाउनुभयो, तर सत्य परमेश्वर तपाईंको बुवा हुनुभएको छैन भने तपाईं धोकामा पर्नुभयो। प्रभु येशूले अनन्त जीवन दिनुहुन्छ। जसले यो जीवन पाएको छ, उसैले यो जान्दछ; किनभने ऊभित्र पवित्र आत्मा आउनुभएको छ। मुहानबाट जसरी पानी निरन्तर बहन्छ, त्यसरी नै यो नयाँ जीवन यस मानिसको हृदयबाट बगिरहन्छ। जब तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुभयो, तब के तपाईंले यसरी नै पवित्र आत्मालाई पाउनुभयो? के यसमा तपाईं निश्चित हुनुहुन्छ?

## आ - नयाँ जन्म कसरी पाइन्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''साँचो, साँचो म तिमीलाई भन्दछु - कोही मानिस नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन। साँचो साँचो म तिमीलाई भन्दछु - कोही मानिस पानी र आत्माबाट जन्मेन भने ऊ परमेश्वरको राज्यभित्र पस्न सक्दैन। तिमीहरूले नयाँ गरी जन्मनैपर्छ भनी मैले तिमीलाई भनेकोमा अचम्म नमान।'' यूहन्ना ३:३, ५ र ७**

परमेश्वरको राज्य देख्न वा पस्नको निम्ति हामीलाई यो नयाँ जन्म एकदम आवश्यक छ। नयाँ जन्म माथिबाटको जन्म भनी अनुवाद गर्न सकिन्छ। अनि यो कुरा सत्य पनि हो। यो जन्म परमेश्वर पिताबाट हुने अमूल्य आत्मिक अनुभाव हो। प्रभु येशूले यो कुरा यहूदीको एउटा धर्मगुरुलाई भन्नुभएको छ, जसले परमेश्वरको राज्यको हक धर्मकर्म गरेर पाइन्छ भन्ने विचार गर्दथिए। तर एउटा आमिक जन्मको बारेमा उनी अनजान थिए। सायद तपाईंको स्थिति पनि यस्तै छ। आजको दिनसम्म कसैले तपाईंलाई यो आवश्यकताको विषयमा शिक्षा दिएको छैन होला। यसो हो भने ध्यान दिएर सुन्नुहोस् र यूहन्ना ३ अध्याय पूरा पढ्नुहोस्।

### १) नयाँ जन्म परमेश्वरको वचनबाट हुन्छ

**''कोही मानिस पानी र आत्माबाट जन्मेन भने ऊ परमेश्वरको राज्यभित्र पस्न सक्दैन।'' यूहन्ना ३:५**

प्रभु येशूको सुसमाचार नसुनीकन र परमेश्वरको वचन विश्वास नगरीकन कुनै मानिस नयाँ गरी जन्मिँदैन। यहाँ पानी र आत्माबाट जन्मनुपर्छ भनी प्रभु येशूले भन्नुभयो। यो पानीको विषयमा मानिसहरूले विभन्न अर्थ लगाएर सिकाउँछन्। कतिले यो बप्तिस्माको पानी हो भनी भन्छन्। तर यो एउटा कुरा बुझ्नुहोला - यो पानी आत्मिक पानी हुनुपर्छ र परमेश्वरबाट आउनैपर्छ, किनभने जन्माउने बुवा उहाँ हुनुहुन्छ। यसैले यो पानी परमेश्वरको वचनलाई संकेत गर्छ भनी हामी भन्छौं। किनभने हाम्रो हृदय पहिले सफा र धोइएको हुनुपर्छ, नत्र ता परमेश्वरले कुनै नयाँ र शुद्ध चीज हामीभित्र हाल्न सक्नुहुन्न। हाम्रो हृदय परमेश्वरको वचनले मात्र सफा गर्न सक्छ। ठीक यो कुराको साक्षी पवित्रशास्त्र बाइबलले दिन्छ। तल उल्लेख गरिएका पदहरूले यही गवाही पुष्टि गर्छन्।

*प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो:* **''मैले तिमीहरूलाई भनेको वचनद्वारा तिमीहरू शुद्ध भइसकेका छौ।''' यूहन्ना १५:३**

**''वचनद्वारा मण्डलीलाई जलको स्नानले शुद्ध गरेर प्रभु येशूले यसलाई पवित्र पार्नुहुन्छ।'' एफेसी ५:२६**

**''नाश हुने बीउबाट होइन, तर नाश नहुने बीउबाट अर्थात् परमेश्वरको जिउँदो र नित्य रहिरहने वचनद्वारा तिमीहरूले नयाँ जन्म पाएका छौ।'' १ पत्रुस १:२३**

**''परमेश्वरले आफ्नो इच्छाअनुसार सत्यको वचनद्वारा हामीलाई जन्माउनुभयो।'' याकूब १:१८**

यसकारण जब कसैले सुसमाचारको वचन ध्यान लगाएर सुन्छ वा पढ्छ, तब परमेश्वरको जिउँदो वचनले उसको हृदय शुद्ध पारेर प्रभु येशूमाथि विश्वास गर्नलाई तयार गर्छ। यो वचनद्वारा परमेश्वरले हामीलाई पाप र न्यायको विषयमा कायल पार्नुहुन्छ। यो वचन अमूल्य नाश नहुने बीउ हो। यो बीउ हृदयमा परेर मात्र काम गर्छ र हामीमा नयाँ जन्म उत्पन्न गर्छ।

## २ ) नयाँ जन्म परमेश्वरको पवित्र आत्माबाट हुन्छ

**''कोही मानिस पानी र आत्माबाट जन्मेन भने ऊ परमेश्वरको राज्यभित्र पस्न सक्दैन।'' यूहन्ना ३:५**

परमेश्वरको वचनले मात्र पुग्दैन, तर नयाँ जन्म परमेश्वरको पवित्र आत्माबाट हुन्छ। जब हामी परमेश्वरको वचन सुन्छौं, तब त्यही पवित्र आत्माले हाम्रो हृदयमा काम गर्न थाल्नुहुन्छ। उहाँ सत्य आत्मा हुनुहुन्छ, र यसैले हामीलाई हाम्रा पापहरू देखाउनुहुन्छ। हामी पापमा डुबेका छौं, नरकको योग्य छौं र यही अवस्थामा परमेश्वरको क्रोधको पात्रा छौं भन्ने कुरा उहाँले हामीलाई स्पष्ट पार्नुहुन्छ। परमेश्वरको वचनद्वारा उहाँले हामीलाई प्रभु येशूमा परमेश्वरको महान् प्रेम बुझाउनुहुन्छ र हामीलाई प्रभु येशूमाथि विश्वास दिलाउनुहुन्छ। यो सबै परमेश्वरको आत्माको काम हो। जब कुनै मानिसले प्रभु येशूमाथि आफ्नो भरोसा राख्छ, तब पवित्र आत्मा उसको हृदयभित्र आएर वास गर्नुहुन्छ। पवित्र आत्माले उसमाथि परमेश्वरको छाप लगाउनुहुन्छ। अब उसो यो मानिस परमेश्वरको सन्तान हुन्छ। उसले त्यही आत्माद्वारा परमेश्वरलाई आफ्नो बुवा भन्दछ। ऊ मुक्ति पाएकोमा एकदम निश्चित छ; किनभने पवित्र आत्माले ऊभित्र यो गवाही दिनुहुन्छ। अब उसले आत्मिक समझ पनि पाएको छ; किनभने पवित्र आत्माले उसलाई सबै कुरा सिकाउनुहुन्छ र उसलाई सम्पूर्ण सत्यतामा डोऱ्याउनुहुन्छ। तल उल्लेख गरिएका पदहरूमा ध्यान दिनुहोला। धन्यवाद।

**''प्रभु येशूमा तिमीहरूले सत्यको वचन अर्थात् तिमीहरूको मुक्तिको सुसमाचार सुनेपछि भरोसा गऱ्यौ। उहाँमा नै तिमीहरूले विश्वास गरेकोमा प्रतिज्ञा गरिएका पवित्र आत्माले तिमीहरू छाप लगाइयौ। पवित्र आत्माचाहिँ किनिएको सम्पत्तिको छुटाउने समयसम्म हाम्रो हकको बैना हुनुहुन्छ।''**

**एफेसी १:१३-१४**

**''तर जब हाम्रा मुक्तिदाता परमेश्वरको दया र मानिसप्रतिको प्रेम प्रकट भयो, तब हामीले गरेका धर्मकर्महरूद्वारा होइन, तर उहाँको आफ्नो कृपाअनुसार परमेश्वरले हाम्रो उद्धार गर्नुभयो - नयाँ जन्मको स्नान र पवित्र आत्माको नवीकरणद्वारा; त्यही पवित्र आत्मालाई उहाँले हाम्रो मुक्तिदाता येशू ख्रीष्टद्वारा प्रशस्त गरी हामीमाथि खन्याउनुभयो।'' तीतस ३:४-६**

**''म तिमीहरूलाई नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र एक नयाँ आत्मा हालिदिनेछु। तिमीहरूका शरीर-देखि ढुङ्गाको हृदय निकालेर त्यसको सट्टामा म तिमीहरूलाई मासुको हृदय दिनेछु। म मेरो आत्मा तिमीहरूभित्र हालिदिनेछु र तिमीहरूलाई मेरा नियमहरू पालन गर्ने तुल्याउनेछु।''**

**इजकिएल ३६:२६-२७**

## ३ ) प्रभु येशूमाथि राखिएको विश्वासद्वारा यो नयाँ जन्म पाइन्छ

**''अनि जसरी मोशाले उजाड़स्थानमा साँपलाई उचाले, त्यसरी नै प्रभु येशू पनि उचालिनुपर्छ; उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्। किनभने परमेश्वरले संसारको सबै मानिसहरूलाई यस्तो प्रेम गर्नुभयो, यसैले उहाँले आफ्नो एकमात्र पुत्र प्रभु येशूलाई दिनुभयो कि उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर उसले अनन्त जीवन पाओस्।'' यूहन्ना ३:१४-१६**

परमेश्वरले तपाईंलाई अनन्त जीवन दिन चाहनुहुन्छ। यो नयाँ जीवन दिनको निम्ति प्रभु येशू यस संसारमा आउनुभयो। उहाँले तपाईंलाई प्रेम गरी काठको क्रूसमा आफ्नो प्राण दिनुभयो। तपाईं आफ्ना पापहरूमा नाश भएको उहाँ चाहनुहुन्न, तर नयाँ जन्मद्वारा तपाईंलाई अनन्त जीवन दिन चाहनुहुन्छ। यसकारण प्रभु येशू मर्नुपऱ्यो; उचालिनुको अर्थ यही हो। पुरानो समयमा घटेको घटनाद्वारा प्रभु येशूले आफ्नो मृत्युद्वारा हामीलाई कसरी बचाउनुहुन्छ, सो स्पष्ट पार्नुहुन्छ। यसैले हामी बाइबलका ती पदहरू खोलेर ध्यानसित हेरौं।

**''अनि इस्राएलीहरू एदोम देशलाई फेरो मारेर जान भनी होर पर्वतदेखि लाल समुद्रको बाटोमा लागे। अनि बाटोले गर्दा मानिसहरू साह्रै खिन्न भए। तब ती मानिसहरूले परमेश्वर र मोशाको विरोधमा यसो भने – 'यस उजाड़स्थानमा मर्नलाई तपाईंहरूले हामीलाई किन मिस्र देशबाट छुटाएर ल्याउनुभयो? किनकि यस ठाउँमा रोटी छैन, पानी पनि छैन र यस तुच्छ खानेकुरादेखि हामीलाई वाक्कै लागिसक्यो।' तब परमप्रभुले ती मानिसहरूको बीचमा विषालु सर्प पठाउनुभयो, अनि ती सर्पहरूले मानिसहरूलाई डसे र धेरै इस्राएलीहरू मरे। यसैले मानिसहरूले मोशाकहाँ आएर भने – 'परमप्रभु र तपाईंको विरोधमा बोलेर हामीले पाप गरेका छौं। उहाँले यी सर्पहरू हामीबाट हटाइदिऊन् भनी प्रार्थना गर्नुहोस्।' तब मोशाले मानिसहरूको निम्ति प्रार्थना गरे। अनि परमप्रभुले मोशालाई भन्नुभयो – 'विषालु सर्पको प्रतिमा बनाऊ र त्यसलाई एउटा खाँबामा झुण्ड्याऊ। अनि यस्तो हुनेछ – जब हरेक, जो सर्पले डसिएको छ, त्यसलाई हेर्छ, तब बाँच्नेछ।' तब मोशाले पितलको सर्प बनाएर त्यसलाई एउटा खाँबामा झुण्ड्याए। अनि यस्तो भयो – सर्पले कसैलाई डसेको थियो भने, जब त्यसले पितलको सर्पलाई हेर्‍यो, तब त्यो बाँच्यो।''                    गन्ती २१:४-९**

जब त्यो यहूदीधर्मको पण्डितले नयाँ जन्म कसरी हुन सक्छ? भन्ने प्रश्न गरे, तब प्रभु येशूले जवाफमा यो खण्डबाट यो रहस्य प्रकट गर्नुभयो। यस खण्डमा हामी विशेष सात बुँदामा ध्यान लगाउँछौं।

**१ – इस्राएलीहरूले पाप गरे**

**गन्ती २१:५** – इस्राएलीहरूले परमेश्वरको विरोधमा पाप गरे। उनीहरूले झैं हामी सबैले पनि वचनले वा कर्मले वा विचारले अनेकौं पाप गरेका छौं। परमेश्वरको वचनअनुसार हामी मानिसहरूमा धर्मी कोही पनि पाइँदैन, एउटा पनि छैन। सबका सबले पाप गरेका छन्।

**२ – परमेश्वरबाट उनीहरूमाथि दण्ड आइपर्‍यो**

**गन्ती २१:६** – परमेश्वरले इस्राएलीहरूलाई पापको दण्ड दिनुभयो। पापको ज्याला मृत्यु हो। उनीहरूले झैं हामीले पापको दण्ड पाउनैपर्छ; किनभने परमेश्वर धर्मी र न्यायी हुनुहुन्छ।

**३ – उनीहरूले पापदेखि पश्चात्ताप गरे**

**गन्ती २१:७** – जब इस्राएलीहरूको होश खोल्यो, तब उनीहरूले आफ्नो पाप मानिलिए र क्षमा मागे। उनीहरूले सम्पूर्ण हृदयले पापदेखि पश्चात्ताप गरे। ठीक यही पश्चात्तापको काम परमेश्वरले हामी सबै मानिसहरूबाट पनि खोज्नुहुन्छ र हामीलाई उहाँतिर मन फर्काउने आज्ञा दिनुहुन्छ।

**४ – परमेश्वरको प्रतिज्ञा**

**गन्ती २१:८** – परमेश्वरले इस्राएलीहरूलाई आफ्ना पापहरूमा नाश हुन दिनुभएन, तर उनीहरूलाई एउटा बाँच्ने उपाय देखाउनुभयो। यसरी नै आज परमेश्वरले पापको दण्डबाट बाँच्नको निम्ति तपाईंलाई एउटा बाटो देखाउनुहुन्छ। उहाँले तपाईंलाई प्रभु येशूमा पापको क्षमा र अनन्त जीवनको प्रतिज्ञा गर्नुहुन्छ।

**५ – परमेश्वरको बाँच्ने उपाय**

**गन्ती २१:८ र ९** – परमेश्वरको आज्ञाअनुसार मोशा परमेश्वरको दासले इस्राएलीहरूको बीचमा एउटा पितलको सर्प एउटा खाँबामा झुण्ड्याए। सबैले त्यस उचालिएको सर्प अर्थात् परमेश्वरले दिनुभएको बाँच्ने उपाय देख्न सके। अब यूहन्ना ३:१४ पद ध्यानपूर्वक पढ्नुहोस्, तब तपाईंले परमेश्वरको मुक्तिको योजना बुझ्नुहुनेछ। जसरी मोशाले मानिसहरूलाई सर्पको विषबाट बचाउनलाई

एउटा पितलको सर्प उचाले, त्यसरी नै परमश्वरले आफ्नो एकमात्र पुत्रलाई काठको क्रूसमा मर्न दिनुभयो। मुक्तिको उपाय यही हो। प्रभु येशूले हामी सबैको पापको दण्ड भोग्नुभयो। उहाँले आफ्नो अमोल रगत बहाएर हाम्रा पापका निम्ति छुटकाराको दाम तिर्नुभयो। परमेश्वरको प्रेम ठूलो छ र उहाँको मुक्तिको प्रबन्ध अचम्मको छ। प्रभु येशू क्रूसमा मर्नु आवश्यक थियो। परमेश्वरको इच्छा उहाँले यसरी नै पूरा गर्नुभयो। परमेश्वर उहाँको बलिदानमा खुशी हुनुभयो र सारा संसारलाई यसको प्रमाण दिनुभयो; किनभने उहाँले मरेको तेस्रो दिनमा प्रभु येशूलाई जियाएर उठाउनुभयो। यसकारण सारा संसारमा प्रभु येशूको नाममा मुक्तिको सुसमाचार सुनाइन्छ।

## ६ – हाम्रो कर्तव्य

**गन्ती २१:८** – इस्राएलीहरूको निम्ति परमेश्वरको आज्ञा यही थियो – 'हरेक, जो सर्पले डसिएको छ, उसले त्यस पितलको सर्पलाई हेर्नुपर्छ, तब ऊ बाँच्नेछ।' उनीहरूले विश्वासका आँखाले त्यस पितलको सर्पतिर हेर्नुपर्‍यो, नत्र कोही बाँच्नेथिएन। परमेश्वरको उपाय त खड़ा गरिएको थियो, तर जसले परमेश्वरको आज्ञामा विश्वास गरेर त्यही मुक्तिको उपायतिर आशा राख्यो, उसको लागि मात्र त्यसले बचाउने काम गर्‍यो। आज यो कुरा हाम्रो लागि पनि लागू हुन्छ। परमेश्वरको आज्ञा हाम्रो निम्ति यस प्रकारको छ –

**''अनि जसरी मोशाले उजाड़स्थानमा साँपलाई उचाले, त्यसरी नै प्रभु येशू पनि उचालिनुपर्छ; उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट हुँदैन, तर उसले अनन्त जीवन पाउनेछ।''**

**यूहन्ना ३:१४–१५**

अनि फेरि –

**''किनभने परमेश्वरले संसारको सबै मानिसहरूलाई यस्तो प्रेम गर्नुभयो, यसैले उहाँले आफ्नो एकमात्र पुत्र प्रभु येशूलाई दिनुभयो कि उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर उसले अनन्त जीवन पाओस्।''** **यूहन्ना ३:१६**

अब कुरा स्पष्ट छ – मुक्ति दिने र नयाँ जन्म दिने काम परमेश्वरले गर्नुहुन्छ। हाम्रो कर्तव्य प्रभु येशूमाथि विश्वास गर्नु हो। हाम्रो व्यक्तिगत विश्वास प्रभु येशूमा राख्नुबाहेक हामीले केही पनि गर्न सक्दैनौं। मुक्तिको निम्ति परमेश्वरले सबै काम गरिसक्नुभयो। प्रभु येशू क्रूसमा उचालिनु अर्थात् मर्नुपर्‍यो। यस काममा हाम्रो केही हिस्सा थिएन र यसमा हामी केही पनि थप्न सक्दैनौं; नत्र ता यो हाम्रो लागि अविश्वास ठहरिन्छ। यसकारण हामी नम्र भएर परमेश्वरको सामु आऔं र हाम्रो पाप मानिलिऔं। धन्यवादसाथ प्रभु येशूमा भएको मुक्ति ग्रहण गरौं। तब हामीले यो साँचो विश्वासको फल पाउनेछौं।

## ७ – विश्वासको प्रतिफल

**गन्ती २१:९** – 'जब त्यसले पितलको सर्पलाई हेर्‍यो, तब त्यो बाँच्यो' भन्ने कुरा लेखिएको छ। विषालु सर्पको विषले अवश्य मृत्यु ल्याउनेथियो। तर परमेश्वरको उपाय जसले विश्वासको साथ ग्रहण गरे, उनीहरू सबै बाँचे। आज हाम्रो जीवनमा पापको विषले काम गरिरहेको छ, त्यसले अवश्य मृत्यु ल्याउँछ। तर परमेश्वरलाई धन्यवाद होस् – प्रभु येशूमा अनन्त जीवन छ। जसले प्रभु येशूमाथि विश्वास गर्छ, उसमा परमेश्वरले पवित्र आत्माद्वारा एउटा नयाँ जन्म उत्पन्न गर्नुहुन्छ। यसैले ऊसँग अनन्त जीवन हुन्छ, अहिले नै हुन्छ। यसरी नै ऊ परमेश्वरको राज्यभित्र पस्न पाउँछ। अब ऊ आत्मिक जीवनमा बढ्न सक्छ; किनभने परमेश्वरले ऊभित्र एउटा नयाँ आत्मिक जीवन हाल्नुभएको छ।

## ग – नयाँ जीवनमा हामीले कसरी बढ्नुपर्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''यसैकारण सबै वैरभाव, सबै छल, कपट, डाहा र सबै प्रकारको निन्दा हटाओ; र नयाँ जन्मेका बालकहरूझैं वचनको विशुद्ध दूधको तिर्सना गर, कि यसद्वारा तिमीहरू बढ्दै जाओ।''**

**१ पत्रुस २:१–२**

**''हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र पहिचानमा बढ्दै जाओ।''** **२ पत्रुस ३:१८**

नयाँ जन्मेको बालकलाई आमाको दूध चाहिन्छ भने नयाँ जन्म पाएको मानिसलाई आत्मिक दूधको खाँचो पर्छ; नत्र ता ऊ बढ्न सक्दैन। परमेश्वरको वचन यो आम्तिक दूध अर्थात् भोजन हो। परमेश्वरको वचन शुद्ध छ, यसमा कुनै हानि गर्ने थोक छैन। यसकारण हामीले सबै दुष्ट कामकुरा त्यागेर यो आत्मिक दूधको तिर्सना गर्नुपर्छ। किनकि यस पवित्र वचनबाट नै विश्वासमा बढ्नुपर्छ भन्ने आज्ञा हामीले परमेश्वरबाट पाएका छौं।

## अ – परमेश्वरको वचन बाइबल हाम्रो आत्मिक भोजन हो

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

''*प्रभु येशूले भन्नुभयो:* **'यो लेखिएको छ: मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्कने प्रत्येक वचनले बाँच्नेछ।''** **मत्ती ४:४**

यस पदद्वारा प्रभु येशूले हामीलाई एउटा महत्वपूर्ण कुरा सिकाउनुहुन्छ। जसरी शरीरलाई दिनप्रतिदिन भोजनको खाँचो छ, त्यसरी नै हाम्रो आत्मालाई पनि भोजन चाहिन्छ। यो भोजन परमेश्वरको वचन हो। परमेश्वरको हरेक वचन बाइबलमा छ। यी सबै वचनहरू जान्न हामी प्रयास गरौं, किनभने यी सबै वचनहरूबाट हामीलाई ठूलो लाभ हुन्छ। परमेश्वरको वचनले हाम्रो आत्मालाई बलियो पार्छ। तपाईंको जीवनका निम्ति परमेश्वरको वचनको अद्भुत काम बुझ्ने र अनुभाव गर्ने कोशिश गर्नुहोला। यी वचनहरू तपाईंको निम्ति ठूलो धन हून्। तपाईंको हातमा सम्पूर्ण बाइबल छ; परमेश्वरको वचन अध्ययन गर्ने प्रयत्न गर्नुहोस् भनी हामी अनुरोध गर्छौं।

**''परमप्रभुका वचनहरू शुद्ध छन्; माटोको भट्टीमा सात पल्ट खारिएको निखुर चाँदीजस्ता छन्।''** **भजनसँग्रह १२:६**

**''सबै पवित्रशास्त्र बाइबल परमेश्वरको प्रेरणाद्वारा दिइएको हो; र शिक्षा दिन, भूलदोष देखाउन, सुधार गर्न र धार्मिकताको विषयमा तालिम दिनको निम्ति लाभदायक हुन्छ। यसले गर्दा परमेश्वरको जन हरेक असल कामको निम्ति पूरा तवरले तयार भएर सिद्ध हुन्छ।''**

**२ तिमोथी ३:१६–१७**

**''पहिले यो जान – पवित्रशास्त्र बाइबलको कुनै पनि भविष्यवाणी आफ्नो निजी व्याख्याबाट भएको होइन; किनकि कुनै पनि समयमा मानिसको इच्छाद्वारा भविष्यवाणी आएन, तर परमेश्वरका पवित्र जनहरू पवित्र आत्माबाट प्रेरणा पाएर बोले।''** **२ पत्रुस १:२०–२१**

**''परमप्रभुको धर्मनियम सिद्ध छ, आत्मालाई जीवित पार्ने; परमप्रभुको साक्षीवचन पक्क छ, सोझोलाई बुद्धिमान् तुल्याउने; परमप्रभुका आदेशहरू सही छन्, हृदयलाई आनन्दित गराउने; परमप्रभुको आज्ञा शुद्ध छ, आँखालाई उज्यालो पार्ने।''** **भजनसँग्रह १९:७–८**

परमेश्वरका वचनहरू शुद्ध छन्; यिनमा अपवित्र कुनै कुरा छैन। ती निखुर सुनजस्ता छन्। किनभने यी वचनहरू मानिसबाटका होइनन्, तर परमेश्वरको प्रेरणाद्वारा दिइएका छन्। यही परमेश्वरको वचनद्वारा हामीले मुक्ति पायौं। यही वचनले हाम्रो जीवन परिवर्त्तन गर्छ। परमेश्वरको वचन बाइबलले हामीलाई सिद्ध तुल्याउँछ। यसैकारण हामीले परमेश्वरको वचन नियमित रूपले जान्नुपर्दछ। तपाईंको सहायताको निम्ति परमेश्वरको वचन अध्ययन गर्ने केही तरिकाहरू तल बताइएका छन्।

## आ – आत्मिक भोजन लिने तरिकाहरू

१ – बाइबल पढ्नु वा सुन्नुभन्दा अघि प्रार्थना गर्नुहोस्। परमेश्वरले तपाईंसँग बातचित गरून्। किनभने वचनद्वारा उहाँले तपाईंलाई ठूला आत्मिक आशिषहरू दिन चाहनुहुन्छ। तर के तपाईंले यी आशिषहरू पाउने लालसा गर्नुहुन्छ? परमेश्वरले हाम्रा मनका आँखा नखोलेसम्म हामीले आत्मिक ज्ञान र समझ पाउँदैनौं। दिमाग लगाएर मात्र बाइबल पढ्नुमा केही लाभ हुँदैन।

**''मलाई पुकार गर र म तिमीलाई जवाफ दिनेछु र तिमीले नजानेका महान् र गहिरा कुराहरू बताउनेछु।''** **यर्मिया ३३:३**

**''मेरा आँखा खोलिदिनुहोस्,र म तपाईंको धर्मनियमबाट अचम्मका कुराहरू देख्न सकूँ।''** **भजनसँग्रह ११९:१८**

२ – परमेश्वरको वचन भोजन हो। बलियो हुनको निम्ति हामीले त्यसलाई खानुपर्छ। खाएर मात्र त्यसले हामीलाई बल र तृप्ति दिन्छ। शरीरलाई माया गरेर हामीले दिनमा दुई वा तीन पटक भोजन लिने गर्छौं। तब मात्र हामी निरोगी हुन्छौं र काम गर्न सक्छौं। त्यसो हो भने हामीले आत्मिक भोजन लिनका निम्ति नियमित समयहरू निकाल्नुपर्दैन र? यसकारण हामी तपाईंलाई यो सल्लाह दिन्छौं – सबेरै, बिहानै तपाईं परमेश्वरसँग सँगति गर्ने समय निकाल्नुहोस्। इस्राएलीहरूबाट यो शिक्षा सिक्नुहोस् – उनीहरूले हरेक विहान मन्ना भन्ने रोटी बटुल्नको निम्ति निस्कनुपर्‍यो। घाम लाग्दा यो रोटी बिलथ्यो। यसकारण तपाईंले पनि बिहानै काम गर्नुअघि बाइबल पढ्नुहोस् र प्रार्थनामा समय बिताउनुहोस्। यो तपाईंको दिनदिनको बानी होस्।

**''तपाईंका वचनहरू फेला परे, र मैले ती खाएँ; अनि तपाईंको वचन मेरो निम्ति आनन्द र मेरो हृदयको हर्ष भयो।''** **यर्मिया १५:१६**

३ – परमेश्वरको वचनले तपाईंलाई पाप र पाप गर्नेहरूको सँगतबाट अलग पार्छ; र दुष्टहरूसितको सँगतिले तपाईंलाई परमेश्वरको वचनमा ध्यान दिनबाट रोक्छ। यो कुरा एकदम सत्य हो। धन्य हो त्यो मानिस, जो परमेश्वरको वचनमा खुशी र सन्तोष छ, अनि यसमा दिनरात ध्यान दिन्छ। ध्यान दिनु भनेको काम नगरीकन सधैं बाइबल पढ़िरहनु होइन, तर पढ़ेको वा सुनेको कुरामा मन लगाएर यसको विषयमा हृदयमा विचार गरिबस्नु हो। खाना खाँदा चपाउनुपर्छ, त्यसलाई सिङ्गै निल्न सकिँदैन। परमेश्वरको वचन पनि यस्तै छ, दिनरात बचनमा मन लगाउनु र सोच्नुपर्दछ, तब यसको पूरा आशिष हामीले पाउनेछौं।

**''धन्य हो त्यो मानिस, जो दुष्टहरूको युक्तिअनुसार चल्दैन, पापीहरूको बाटोमा खड़ा हुँदैन र गिल्ला गर्नेहरूको बैठकमा बस्दैन; तर परमप्रभुको धर्मनियममा प्रसन्न रहन्छ र दिनरात उहाँको धर्मनियममा ध्यान दिन्छ।''** **भजनसँग्रह १:१-२**

४ – असल मानिसले परमेश्वरको वचन आफ्नो हृदयमा राखिछोड्छ। उसले पढ़ेको वा सुनेको कुरा तुरुन्त बिर्सिंदैन, तर उसले वचनलाई अमूल्य धन सम्झेर त्यसलाई मनमा राख्छ। यस्तो मानिसले आफूलाई पाप गर्नुदेखि थाम्छ। ऊ आफ्नो जीवन परमेश्वरको इच्छाअनुसार बिताउँछ र यसरी उहाँको महिमा गर्छ। परमेश्वरको सेवामा उसले धेरै फल फलाउँछ।

**''तपाईंको विरोधमा पाप नगरूँ भनेर मैले तपाईंको वचन आफ्नो हृदयमा राखेको छु।''**
**भजनसँग्रह ११९:११**

५ – परमेश्वरको वचन हामीले मनमा राख्नुपर्छ भन्ने कुरा हामीले भर्खरै सिक्यौं। अब यसमा अझ हामीले एउटा कुरा थप्नुपर्छ। हामीले पढ़ेको र बुझेको कुरा आफ्नो लागि मात्र राख्छौं, तर अरू कसैलाई बताउँदैनौं भने हामी स्वार्थी छौं। प्रभु हामीलाई निस्वार्थी बनाउन चाहनुहुन्छ। यसकारण उहाँले हामीलाई 'वचन अरूलाई सुनाऊ; पाएको आशिष बाँड़' भनी आज्ञा दिनुहुन्छ। अरूलाई सुनाउनेले ती वचनहरू आफै पालन गर्नमा होशियार हुनुपर्छ भन्ने कुरा स्पष्ट छ। यस कुरामा धेरैले वस्ता नगरेकाले प्रभु येशूको बदनाम गरेका छन्। यसकारण परमेश्वरको वचन होशियारसाथ पालन गर्नमा अल्छे नहोऔं।

**''धर्मनियमको यो पुस्तक तिम्रो मुखबाट नहटोस्, तर दिनरात त्यसमा ध्यान देऊ कि त्यसमा लेखिएअनुसार तिमीले सबै कुरा पालन गर्न सक। किनभने तब तिम्रा सबै बाटाहरूमा तिम्रो उन्नति हुनेछ र तब तिमीले सफलता पाउनेछौ।''** **यहोशू १:८**

६ – परमेश्वरको वचन पढ्नुपर्छ, साथै वचन बुझ्नु एकदम खाँचो छ। वचनको अर्थ सफासँग नबुझीकन अरूलाई सिकाउनेहरू धेरै हुन्छन्। तर परमेश्वरको शिक्षा बङ्गोटेढ़ो छैन। परमेश्वरको वचन 'हो पनि, होइन पनि' हुँदैन। कतिले पुरानो नियम र नयाँ नियमका कुराहरू मिसाउँछन्। अरूले विश्वास र कामको बीचमा गड़बड़ी गर्छन्। फेरि अरूले बाइबल स्कूल गएर त्यहाँबाट सिकेका कुराहरू मात्र सिकाउँछन्, तर आफैले परमेश्वरको वचनको अर्थ बुझ्नलाई परिश्रम गर्दैनन्। तर यहाँ अरूलाई सिकाउन चाहने मानिसको लागि परमेश्वरको आदेश छ – शिक्षा दिने व्यक्ति परमेश्वरको सामु ग्रहणयोग्य हुनुपर्छ। उसले ठीक ठीक शिक्षा दिनुपर्छ। के तपाईं वचनको अर्थ छुट्ट्याउन सक्नुहुन्छ? होइन भने यस्तो गर्न सक्नलाई खूब प्रयत्न गर्नुहोस्।

**''आफूलाई परमेश्वरको सामु ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने कामदारजस्तो, जसले सत्यको वचन ठीक ठीकसँग छुट्ट्याउँछ।''** **२ तिमोथी २:१५**

७ – हामी यस कुरामा बढ़ी जोर दिन सक्दै सक्दैनौं – वचन पालन गर्ने हौं! सुन्ने मान्छेले आफूलाई धोका दिन्छ। उसले आफूलाई आत्मिक व्यक्ति सम्झन्छ, किनभने ऊसँग बाइबलको धेरै ज्ञान त छ। तर जबसम्म हामीले परमेश्वरको वचन पालन गर्दैनौं, तबसम्म यस ज्ञानमा आशिष छैन। यो मानिस मात्र परमेश्वरको सामु ठीक ठहरिन्छ, जसले परमेश्वरको इच्छा पालन गर्छ। त्यो मानिस आफ्नो सबै काममा आशिषित हुनेछ। किनकि ऊ परमेश्वरको वचनमा ध्यान लगाउँछ र त्यसमा लागिरहन्छ।

**''तिमीहरू वचन पालन गर्नेहरू होओ, सुन्ने मात्र होइन, जसले आफूलाई धोका दिन्छन्। जसले स्वतन्त्रता दिने धर्मनियमभित्र ध्यान दिएर हेर्छ, र त्यसमा लागिरहन्छ; ऊ सुनेर बिर्सिहाल्ने होइन, तर त्यो काम गर्ने मानिस हुन्छ; यसैले यस्तो मानिस आफ्नो काममा आशिषित हुनेछ।''**
**याकूब १:२२ र २५**

८ – आजभोलि परमेश्वरको डर मान्ने मानिसहरू कम्ती पाइन्छ। धेरै मानिसहरूले चोखो मनले होइन, तर आफ्नो फाइदा खोज्दै परमेश्वरको वचनको अर्थ बिगार्छन्। उनीहरूले परमेश्वरको वचन छलपूर्वक प्रयोग गर्छन्। थुप्रो मानिसहरू शिक्षक हुन चाहन्छन्। तर तिनीहरूले यो बिर्सन्छन् – शिक्षकहरूको न्याय पछि झन् कड़ा हुनेछ। यसकारण जब हामीले परमेश्वरको वचन पढ्छौं, तब परमेश्वरको डर राखेर नम्रतासाथ  यो पढ्नुपर्छ। जब हामीले अरूलाई पवित्र बाइबलबाट सिकाउँछौं, तब पनि हामीले परमेश्वरको सत्य वचन बिगारेर र मानिसहरूलाई खुशी पार्ने गरी शिक्षा दिनुहुँदैन। परमेश्वरको वचनदेखि काम्नुपर्छ, नत्र हामी छिटो दोषी हुन्छौं। वचनको प्रचारद्वारा धेरै मानिसहरूलाई प्रभावित पार्न चाहँदा र जित्ने कोशिश गर्दा परमेश्वरको मुक्तिको बाटोको निन्दा नहोस् भन्ने कुरा तपाईंले कहिल्यै नभुल्नुहोस्।

**''तर म ता त्यस मानिसलाई हेर्छु, जो दीन र चूर्ण हृदयको हुन्छ र मेरो वचनदेखि काम्छ।''**

**यशैया ६६:२**

९ – अन्तमा हामी तपाईंलाई यो सल्लाह दिन्छौं – सकभर परमेश्वरको वचन बाइबल अध्ययन गर्नलाई परिश्रम गर्नुहोस्। बाइबल पढ्नलाई पहिलो स्थान दिनुहोस्। अरू फाल्तू ख्रीष्टिय साहित्यका किताबहरू पढ्दा वा चर्चमा कुनै प्रचारकबाट, अथवा रेडियोबाट प्रवचन सुन्दा सधैं एउटा कुरा याद गर्नुपर्छ – यहाँ मानिसहरू प्रचार गर्छन्, जसको ज्ञान सिमित छ। यसकारण उनीहरूले भूल गर्न सक्छन्। यसैले तल दिइएको आज्ञाअनुसार प्रचार गरेका सबै कुरा बाइबलको शिक्षासँग दाँजीकन होशियारसाथ जाँच्नुहोस्। असल कुरा मात्र थामिराख्नुहोस्। अरू कुरा फाल्नुहोस्।

**''भविष्यवाणीहरू तुच्छ नठान; सबै कुराहरू जाँच; जुन कुरा असल छ, त्यसलाई बलियो गरी पक्रिराख।''                    १ थेस्सलोनिकी ५:२०–२१**

## इ – बढ्नुमा हाम्रो लक्ष्य

**''दूध पिउने हरेक मानिस धार्मिकताको वचनमा सिपालु हुँदैन; किनभने ऊ बालक हुन्छ। तर खँदिलो खानेकुरा पूरा बढ़ेका मानिसहरूको निम्ति हो, जसका ज्ञानेन्द्रियहरू काममा लगाईकन असल र खराब खुट्ट्याउनलाई अभ्यस्त भएका छन्।''                    हिब्रू ५:१३–१४**

**''हे जवानहरूहो, मैले तिमीहरूलाई लेखेको छु, किनभने तिमीहरू बलिया छौ, परमेश्वरको वचन तिमीहरूमा रहन्छ र तिमीहरूले त्यस दुष्टलाई जितेका छौ।''                    १ यूहन्ना २:१४**

जब हामी बाइबल पढ्छौं र पालन गर्छौं, तब हामी विश्वास र ज्ञानमा बढ्छौं। परमेश्वरको इच्छा के हो भने हामी आत्मिक तवरले पूरा बढ़ेको मानिस बन्नुपर्छ। तब मात्र हामीले असल र खराब खुट्ट्याउन सक्छौं र सत्य वचनमा सिपालु हुन्छौं। बालकले धेरै कुरा बुझ्दैन। उसलाई सजिलोसँग छल गर्न सकिन्छ। झूटा शिक्षाद्वारा हाम्रो शत्रु शैतानले हामीलाई भ्रममा पार्न खोज्छ। धूर्त शैतानलाई परमेश्वरको वचनले मात्र हामीले जित्न सक्छौं। यसकारण विश्वासमा बलियो हुनुहोस् र परमेश्वरको वचनद्वारा दिनप्रतिदिन बढ्नुहोस्। प्रभु येशूले तपाईंलाई यसो गर्नुमा प्रशस्त अनुग्रह गरून् र तपाईंलाई हर घढ़ीमा दुष्ट शैतानमाथि विजय दिऊन्।

**प्रार्थना: 'हे परमेश्वर पिता, तपाईंको वचन कति अमूल्य रहेछ! यस अनन्त जीवन दिने वचनको लागि धेरै धन्यवाद! यस पवित्र बाइबलद्वारा म विश्वासमा र तपाईंको चिन्ने ज्ञानमा बढ्न सकूँ। आत्मामा बलियो भएर म त्यस दुष्ट शैतानलाई जित्न पाऊँ; तपाईंको महिमा गर्ने निगाह पाऊँ। धन्यवाद। आमेन।'**

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगाना:** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..........................................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: ................................................ वार्ड नं॰: ....................

हुलाक/पो॰ आ॰ : ................................. जिल्ला: ........................................

अञ्चल/प्रदेश: ........................................... देश: ................................

**रजिष्टर नं॰:** .........................

# पाठ ४

## नयाँ जीवनमा हामीले कसरी बढ्नुपर्छ?

पाठ ३मा हामीले प्रभु येशूमा पाएको नयाँ आत्मिक जीवनलाई एउटा बाटोसित तुलना गरेका थियौं। बाटोलाई चिन्नु मात्र पुग्दैन, जीवनमा पुर्‍याउने बाटोमा हामीले हिँड्नुपर्छ; तब मात्र हामी लक्ष्यमा पुग्नेछौं। अब यस चौथो पाठमा हामी आत्मिक जीवनलाई एउटा नयाँ जन्मको रूपमा हेरेका छौं। यो नयाँ जन्मको बारेमा तपाईंलाई बुझ्न एकदम खाँचो छ। यसकारण यो पाठ ४ दुईतीन पटक पढ्ने र बुझ्ने सल्लाह हामी तपाईंलाई दिन्छौं। यसरी तपाईंलाई बढ़ी लाभ हुन्छ। याद गर्नुहोस् – नयाँ जन्म पाएको व्यक्ति मात्र आत्मिक जीवनमा बढ्न सक्छ।

## ख – नयाँ जीवन एउटा आत्मिक जन्म हो

**१) क) १ पत्रुस २:१-२ – आत्मिक जीवनमा हामीले बढ्न चाहन्छौं भने पहिले के के हटाउनुपर्छ?**

..........................................................................................

**ख) नयाँ जन्मेको बालकझैं हामीले केको तिर्सना गर्नुपर्छ?**

..........................................................................................

**ग) परमेश्वरको पवित्र वचनको तिर्सना गर्छौं भने यसको फल के हुन्छ?**

..........................................................................................

## अ – नयाँ जन्म – यो के हो?

१) २ कोरिन्थी ५:१७ – ख्रीष्टमा हुने व्यक्ति के हुन्छ? ........................................................

२) क) यूहन्ना १:१२-१३ – प्रभु येशूलाई ग्रहण गर्ने व्यक्तिले के हक पाउँछ?

..........................................................................................................................

ख) प्रभु येशूमाथि विश्वास गर्ने व्यक्तिले नयाँ जन्म कसबाट पाउँछ?

..........................................................................................................................

ग) यो नयाँ जन्म कसरी हुन सक्दैन? अ) ..............................................................

आ) ..............................................................

इ) ..............................................................

## आ – नयाँ जन्म कसरी पाइन्छ?

१) यूहन्ना ३:३ – परमेश्वरको राज्य देख्नलाई के आवश्यक पर्छ?

..........................................................................................................................

२) यूहन्ना ३:५ – माथिबाटको जन्म अर्थात् नयाँ जन्म कसरी हुन्छ?

..........................................................................................................................

३) १ पत्रुस १:२३ – नयाँ जन्म दिने अविनाशी बीउ के हो?

..........................................................................................................................

४) एफेसी १:१३ अनुसार मुक्तिको सुसमाचार सुनेर प्रभु येशूमाथि विश्वास गरेपछि परमेश्वरले हामीमा केको छाप लगाउनुहुन्छ? ..........................................................................

५) इजकिएल ३६:२६ – क) प्रभुले हामीलाई के दिनुहुन्छ? .............................................

ख) हामीभित्र उहाँले के हाल्नुहुन्छ? ............................................................................

ग) फलस्वरूप हामीले के गर्छौं? ..................................................................................

६) यूहन्ना ३:१४-१५ – किन प्रभु येशू उचालिनु अर्थात् क्रूसमा मर्नु आवश्यक थियो?

..........................................................................................................................

७) गन्ती २१:९ – पुरानो समयमा इस्राएसीहरूमा को-को बाँच्यो?

..............................................................................................

८) यूहन्ना ३:१६ – आज हामी कसरी बाँच्नेछौं? ....................................................

..........................................................................................................................

## ग - नयाँ जीवनमा हामीले कसरी बढ्नुपर्छ?

१) २ पत्रुस ३:१८ - हामीले कुन दुईटा क्षेत्रमा बढ्नुपर्छ? ..........................................

..................................................................................................

## अ - परमेश्वरको वचन बाइबल हाम्रो आत्मिक भोजन हो

१) मत्ती ४:४ - बाँच्नलाई मानिसले कुन दुईटा कुरा आवश्यक छ? अ) .........................

आ) ..........................................................................................

२) २ तिमोथी ३:१६-१७ - क) परमेश्वरको वचनबाट हामीलाई के के लाभ हुन्छ?

अ) .................................................................

आ) ................................................................

इ) .................................................................

ई) .................................................................

ख) पवित्रशास्त्र बाइबलद्वारा परमेश्वरको जन के गर्नको निम्ति पूरा बढ़ेको वा सिद्ध हुन्छ?

..........................................................................................

## आ - आत्मिक भोजन लिने तरिकाहरू

१) यर्मिया ३३:३ - परमेश्वरको वचनका गहिरा रहस्यहरू बुझ्नलाई हामीले बाइबल पढ्नुअघि के गर्नुपर्छ? ..........................................................................................

२) यर्मिया १५:१६ - परमेश्वरको वचन कहिले हाम्रो आनन्द र बल हुन्छ?

..........................................................................................

३) भजनसँग्रह १:१-२ - क) परमेश्वरबाट आशिष पाउने मानिसले के के गर्दैन?

अ) ......................................................................................

आ) ....................................................................................

इ) ....................................................................................

ख) परमेश्वरबाट आशिष पाउने मानिसले के के गर्दछ?

अ) ......................................................................................

आ) ......................................................................................

४) भजनसँग्रह ११९:११ - परमेश्वरको विरोधमा पाप नगर्नलाई के गर्नुपर्छ?

..........................................................................................

५) यहोशू १:८ - क) प्रभुको वचन हृदयमा राख्नुपर्छ; अनि कहाँबाट हट्नुहुँदैन?

..............................................................................

ख) आफ्नो जीवनमा हामी कहिले उन्नति गर्छौं र सफल हुन्छौं? ......................................

..................................................................................................................

६) २ तिमोथी २:१५ - यदि हामी अरूलाई परमेश्वरको वचनको शिक्षा दिन चाहन्छौं भने र परमेश्वरको सामु ग्रहणयोग्य बन्ने इच्छा गर्छौं भने हामी कुन कुरामा प्रयास गर्नुपर्छ?

..........................................................................................................................

७) याकूब १:२२ - क) परमेश्वरको आज्ञा के हो? ....................................................

ख) वचन केवल सुन्नेले के गर्छ? ...........................................................................

ग) कसले आफ्नो काममा आशिष पाउँछ? .................................................................

.......................................................................................................................

८) यशैया ६६:२ - परमेश्वरको वचनमा हामीले गम्भीर हुनलाई कुन कुरा याद गर्नुपर्छ?

...................................................................................................................

९) १ थेस्सलोनिकी ५:२०-२१ - अरू मानिस वा किताबहरूबाट बाइबलको शिक्षा सुन्छौं या पढ्छौं भने हामीले तीनटा कुरा याद गर्नुपर्छ?

अ) ..............................................................................................

आ) ..............................................................................................

इ) ..............................................................................................

## इ - बढ्नुमा हाम्रो लक्ष्य

१) हिब्रू ५:१३-१४ - पूरा बढ़ेको मानिसले के गर्न सक्छ? ............................................

.......................................................................................................................

२) १ यूहन्ना २:१४ - आत्मिक तवरले जवान भए हामीमा के के गुण हुन्छन्?

क) ...........................................................................................

ख) ...........................................................................................

ग) ...........................................................................................

३) के तपाईं नयाँ गरी जन्मनुभयो? ...........................................................................

४) के तपाईं दिनप्रतिदिन परमेश्वरको वचन पढ्दै हुनुहुन्छ? ...........................................

५) के तपाईंले दुष्टमाथि जय पाउनुभएको छ? ...........................................................